// प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) वीरेन्द्रनगर, सुर्खेत, असोज १७ गते, २०८० साल (संख्या ८

# भाग-३

## कर्णाली प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## सूचना

### कर्णाली प्रदेश पत्रकारिता पुरस्कार वितरण कार्यविधि, २०८०

**प्रस्तावना:** निष्पक्ष, खोजमूलक, विश्लेषणात्मक, उत्तरदायी र व्यावसायिक पत्रकारिताको माध्यमबाट कर्णाली प्रदेशको विकास र समृद्धि तथा कर्णाली प्रदेशका जनतालाई सुसूचित गर्न महत्वपूर्ण योगदान पुऱ्याएका पत्रकारलाई पुरस्कृत र सम्मान गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कर्णाली प्रदेश पत्रकारिता पुरस्कार वितरण कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "पुरस्कार" भन्नाले कर्णाली प्रदेश पत्रकारिता पुरस्कार सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(ग) "समिति" भन्नाले दफा ४ बमोजिमको सिफारिस समिति सम्झनु पर्छ।

(घ) "संयोजक" भन्नाले समितिको संयोजक सम्झनु पर्छ र सो शब्दले संयोजकको अनुपस्थितिमा संयोजकको रुपमा काम गर्ने सदस्यलाई समेत जनाउँछ।

३. **सूचना प्रकाशन र निवेदन मागः** (१) पुरस्कारको लागि पत्रकारबाट निवेदन माग गर्न मन्त्रालयले एक्काइस दिनको समय दिई राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना मन्त्रालयको सूचना पाटी र वेबसाईटमा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचनामा तोकेको म्यादभित्र दफा ६ बमोजिमको योग्य निवेदकले अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन र अनुसूची-२ बमोजिमको स्वःघोषणा पत्र सहित मन्त्रालयले तयार गरेको विद्युतीय माध्यममा प्रविष्टि गर्नु पर्नेछ।

४. **सिफारिस समितिको गठनः** (१) पुरस्कार प्रदान गर्ने प्रयोजनका लागि पत्रकारको नाम सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको एक सिफारिस समिति हुनेछः-

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) उपसचिव, मुख्यमन्त्री तथा

मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) प्रमुख, सञ्चार महाशाखा, मन्त्रालय - सदस्य

(घ) मध्यपश्चिम विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र केन्द्रिय क्याम्पस सुर्खेतका प्रमुख वा निजले तोकेको एकजना प्रतिनिधि - सदस्य

(ङ) राष्ट्रिय समाचार समिति, कर्णाली प्रदेशका प्रमुख वा निजले तोकेको प्रतिनिधि - सदस्य

(च) पत्रकार महासंघ, कर्णाली प्रदेशको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य

(छ) प्रमुख, सूचना तथा सञ्चार शाखा, मन्त्रालय - सदस्य-सचिव

(२) समितिले बैठकमा आवश्यकता अनुसार पत्रकारिता विषयका विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) को खण्ड (ङ) र (च) बमोजिमको सदस्य तोक्दा पत्रकारिता पुरस्कारको लागि निवेदन नदिएको प्रतिनिधि तोक्नु पर्नेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

५. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दफा ३ को उपदफा (२) बमोजिम प्राप्त भएका निवेदन र कागजात जाँच गरी पत्रकारको नाम र योगदान सहितको अभिलेख तयार गर्ने,

(ख) पुरस्कार प्राप्त गर्न योग्य पत्रकारको नाम मन्त्रालय समक्ष सिफारिस गर्ने।

६. **<u>पुरस्कार सिफारिसको आधारः</u>** (१) समितिले पुरस्कारका लागि पत्रकारको नाम सिफारिस गर्दा देहाय बमोजिमका आधारमा गर्नु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) पत्रकारिता पेशामा आबद्ध भई कर्णाली प्रदेशको आर्थिक, भौतिक, सामाजिक तथा साँस्कृतिक विकासमा अनुसन्धानमूलक लेख, रचना वा श्रव्य दृश्य कार्यक्रमको माध्यमबाट कर्णाली प्रदेशलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन योगदान पुऱ्याएको,

(ग) कर्णाली प्रदेशमा रहेका विभिन्न जात, जाति, भाषा, धर्म, लिङ्ग, समुदाय, सम्प्रदाय र भूगोलका नागरिक बीच शान्ति, विविधता बीचको एकता र सद्भावको अभिबृद्धि गर्न खोजमूलक तथा विधागत क्षेत्रमा काम गरेको,

(घ) कर्णाली प्रदेशमा देखिएका सामाजिक समस्या, कुप्रथा, कुरीति वा विकृतिको अन्त्य गर्ने विषयमा लेख रचना प्रकाशन गरी सामाजिक अभियानमा पत्रकारिताको माध्यमबाट सहयोग पुऱ्याएको,

(ङ) कर्णाली प्रदेशको वन तथा वातावरण संरक्षण र विपद् व्यवस्थापनको क्षेत्रमा सूचना सङ्कलन तथा सम्प्रेषण गरी सहयोग पुऱ्याएको,

(च) पत्रकारिता क्षेत्रमा कम्तीमा सात वर्ष काम गरेको र खण्ड (ख), (ग), (घ) र (ङ) मध्ये कम्तीमा दुई वटा विधाको विवरण झल्किने गरी कम्तीमा दश अङ्क लेख रचना वा श्रव्य दृश्य सामग्री प्रकाशित वा प्रसारित गरेको,

(छ) फौजदारी कसुरमा अदालतबाट दोषी ठहर नभएको,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ज) पत्रकारिता आचार संहिता उल्लङ्घन नगरेको,

(झ) प्रेस काउन्सिलबाट कुनै पनि प्रकारको कारबाही नभएको।

(२) समितिले उपदफा (१) को खण्ड (ख), (ग), (घ) र (ङ) को आधारमा अङ्क सहितको सूचक तयार गरी मुल्याङ्कन गर्नु पर्नेछ।

(३) सूचक र मूल्याङ्कनको तरिका समितिले निर्धारण गरे बमोजिम हुनेछ।

७. **मन्त्रालयले स्वीकृत गर्ने:** समितिले सिफारिस गरेका पुरस्कार प्राप्त गर्न योग्य पत्रकारको नाम मन्त्रालयले स्वीकृत गर्नेछ।

८. **पुरस्कारको रकम:** (१) पत्रकारिता पुरस्कार बापत पत्रकारलाई जनही पचास हजार रुपैयाँ र प्रमाणपत्र प्रदान गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकममा प्रचलित कानून बमोजिम कर लाग्नेछ।

९. **बाधा अड्काउ फुकाउन सक्ने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-१

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**<u>कर्णाली प्रदेश पत्रकारिता पुरस्कारको लागि पेस गर्ने निवेदन</u>**

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
वीरेन्द्रनगर, सुर्खेत।

कर्णाली प्रदेश पत्रकारिता पुरस्कार वितरण कार्यविधि, २०८० बमोजिम कर्णाली प्रदेश पत्रकारिता पुरस्कार प्राप्त गर्न देहायको विवरण सहित यो निवेदन पेश गरेको छुः-

(१) निवेदकको नामः
(२) ठेगानाः
(३) सम्पर्क नम्बरः
(४) मितिः

**<u>संलग्न कागजातः</u>**

(१) नेपाली नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,
(२) पत्रकारिता पेशामा आबद्ध भएको प्रमाण खुल्ने प्रमाणित कागजात,
(३) दफा ६ को उपदफा (१) को खण्ड (ख), (ग), (घ), (ङ) वा (च) मा उल्लेख भएका आधार पुष्टि गर्ने लेख रचना वा श्रव्य दृश्य कार्यक्रमको अभिलेख,
(४) स्वघोषणा-पत्र,
(५) व्यक्तिगत विवरण (बायोडाटा)।

**<u>निवेदक</u>**

नामः
हस्ताक्षरः
ठेगानाः
फोन नं.
इमेलः

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-२

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**स्वःघोषणा-पत्र।**

जिल्ला ................, गा.पा./न.पा. ..................., वडा नं. ................ बस्ने श्री ............ को छोरा/छोरी वर्ष ..... को म ........... विगत ........ वर्षदेखि पत्रकारिता पेशामा आबद्ध छु। मैले हालसम्म कुनै किसिमको फौजदारी कसुरमा दोषी ठहर भई सजाय पाएको छैन।

**निवेदक**

नामः

हस्ताक्षरः

ठेगानाः

फोन नं.

इमेलः

निर्णय भएको मितिः २०८०/०५/०८

आज्ञाले,

निधिराज न्यौपाने

प्रदेश सरकारको निमित्त सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित

आन्तरिक मामिला तथा कानून मन्त्रालय